# प्रेस बिज्ञप्ति

## वेबमा आधारित सेवा सुरु गरिएको सम्बन्धमा- अब कार्ड तपाईको मोबाईल बैंकिंग एपमै

नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडले बैंक तथा वित्तिय संस्थाहरुका लागि कार्ड संग सम्बन्धित कारोवारका लागि वेबमा आधारित नविनतम् सेवा उपलब्ध गराउनका लागि आवश्यक API पूर्वाधार तयार गरेको जानकारी गराउन पाउँदा सुखद अनुभव गरेका छौं ।

बैंक तथा वित्तीय संस्थाहरुका लागि उपलब्ध गराईने उक्त पूर्वाधारका माध्यमबाट बैंक तथा वित्तिय संस्थाहरुले आफ्नो मोबाइल तथा इन्टरनेट बैंकिग च्यानलका माध्यमबाट बैंक तथा वित्तीय संस्थाका ग्राहक स्वयंले नै कार्ड ब्लक, अनब्लक तथा पिन रिसेट गर्न सक्ने व्यवस्था गर्न सक्नेछन् । त्यसैगरि वेबमा आधारित यस सेवाबाट ग्राहकहरुले मोबाइलका माधयमबाट मौज्दातको जानकारी, पुराना कारोबारहरुको विवरण र क्रेडिट कार्ड संग सम्बन्धित अन्य जानकारीहरु प्राप्त  गर्न सक्नेछन् ।

साथै, निकट भविष्यमा बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकलाई क्रेडिट  कार्डमा रहेको लिमिटवाट QR भुक्तानी गर्न अनुमति प्रदान गर्न सक्ने व्यवस्थाका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

कार्ड संग सम्बन्धित नविनतम् सेवा उपलब्ध गराउने सिलसिलामा हालैका महिनाहरुमा अन्य सेवाका अतिरिक्त Contactless Card, Cardless Withdrawal, Cash Recycler Machine र Green Pin सेवा समेत प्रारम्भ भइसकेको व्यहोरा जानकारी गराउन चाहन्छौं । आगामी दिनहरुमा कार्ड मार्फत हुने कारोवारलाई अझ सरल, परिष्कृत र नविनता प्रदान गर्ने मार्गमा हामी निरन्तर प्रयत्नशील रहने छौं ।

बैंक तथा वित्तिय संस्थाहरुद्वारा प्रवर्धित यस नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेडले राष्ट्रब्यापी रुपमा झन्डै तेत्तिस लाख कार्ड, दुई हजार एटिएम र बिस हजार POS मेसिन मार्फत सेवा प्रदान गर्दै आईरहेको छ ।

**नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिष्टम्स् लिमिटेड**

**मिति : २०७८/०७/१४**

NePS NEPAL ELECTRONIC PAYMENT SYSTEMS LTD.